# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १७] काठमाडौं, माघ ८ गते २०२४ साल [संख्या ४०

श्री ५ को सरकार

भूमि सुधार कृषि तथा खाद्य मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको जग्गा (नाप जाँच) (प्रथम संशोधन) नियमहरू, २०२४ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### जग्गा (नाप जाँच) (प्रथम संशोधन) नियमहरू, २०२४

जग्गा (नाप जाँच) नियमहरू, २०२३ (यसपछि "मूल नियमावली" भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छः—

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यी नियमहरूको नाम "जग्गा (नाप जाँच) (प्रथम संशोधन) नियमहरू, २०२४" रहेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमावलीको नियम ३ मा संशोधनः– मूल नियमावलीको नियम ३ को उप-नियम (१) मा रहेको "ऐनको दफा २ को उप-दफा (२)" भन्ने शब्दहरूको सट्टा "ऐनको दफा ३ को उप-दफा (२)" भन्ने शब्दहरू राखिएको छ ।

३. मूल नियमावलीको नियम ४ मा संशोधनः– मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः–

४. बिगाहा र रोपनी नपुग भएमा क्षेत्रफलको इकाइ कायम गर्नेः–

ऐनको दफा ४ को खण्ड (ग) बमोजिम बिगाहा र रोपनी नपुग भएमा देहायको तरीकाले क्षेत्रफलको इकाइ कायम गरिने छ ।

(१) बिगाहा नपुग हुन आएमा १ बिगाहाको २० खण्डको १ खण्डलाई १ कट्ठा, १ कट्ठाको २० खण्डको १ खण्डलाई १ धुर, १ धुरको ४ खण्डको १ खण्डलाई १ कनुवाको दरले हिसाब गर्ने र आधा कनुवा वा सो भन्दा बढीलाई एक कनुवा मानिने छ र आधा कनुवा भन्दा कमको हिसाब गरिने छैन ।

(२) रोपनी नपुग हुन आएमा १ रोपनीको १६ खण्डको १ खण्डलाई १ आना १ आनाको ४ खण्डको १ खण्डलाई १ पैसा र १ पैसाको ४ खण्डको १ खण्डलाई १ दामको दरले हिसाब गर्ने र आधा दाम वा सो भन्दा बढीलाई १ दाम मानिने छ र आधा दाम भन्दा कमको हिसाब गरिने छैन ।

४. मूल नियमावलीको नियम ५ मा संशोधनः– मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छ :–

५ पञ्चायत वा पञ्चायत वार्डको सीमाना छुट्याउने र जग्गा नापी गर्नेः–

(१) ऐन बमोजिम कुनै पञ्चायत वा पञ्चायत वार्डको सीमाना छुट्याउन परेमा सर्भे इन्स्पेक्टरले त्यसरी सीमाना छुट्याउन लागेको र तोकिएको दिनमा पञ्चायतको प्रतिनिधि उपस्थित हुनुपर्ने कुराको सूचना डोर मुकाममा टाँसी सोही दिन त्यसको एक प्रति नक्कल पञ्चायतमा पठाउनु पर्छ ।

(२) उप-नियम (१) बमोजिम उपस्थित भएका पञ्चायतका प्रतिनिधिका रोहबरमा सर्भे इन्स्पेक्टरले पञ्चायत वा पञ्चायत वार्डको सीमाना छुट्याउने छ ।

तर––

५६५ (क) पञ्चायतको सीमाना छुट्याउँदा सम्बन्धित पञ्चायतका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सदस्यहरूको रोहवरमा छुट्याउनु पर्छ,

(ख) पञ्चायत वार्डको सीमाना छुट्याउँदा सम्बन्धित वार्डका सदस्यहरूको रोहवरमा छुट्याउनु पर्छ,

(ग) दुइ वा सो भन्दा बढी पञ्चायत वा वार्डको सीमानाको झगडा परेमा पञ्चायतको सम्बन्धमा सर्भे इन्स्पेक्टर र जिल्ला पञ्चायत र वार्डको सम्बन्धमा सर्भे इन्स्पेक्टर र गाउँ वा नगर पञ्चायतको निर्णय बमोजिम सीमाना छुट्याउनु पर्छ ।

(३) उप-नियम (२) बमोजिम सीमाना छुट्याई सकेपछि सर्भे इन्स्पेक्टरले ऐनको दफा ६ बमोजिम अनुसूची १ बमोजिमको ढाँचामा जग्गा नाप-जाँच गरिने कुराको सूचना टाँस्ने छ ।

(४) उप-नियम (३) बमोजिम नापजाँच गर्न तोकिएको दिनमा आफ्नो हक भोगको निस्सा लिई जग्गावाला वा निजको प्रतिनिधि, मोही, संधियार, पञ्चायतभित्र पर्ने जग्गाको स्रेस्ता लिई जिमिदार, पटवारी र पञ्चायत-को प्रतिनिधि डोर मुकाममा उपस्थित हुनु पर्छ ।

(५) उप-नियम (४) बमोजिम उपस्थित भएका व्यक्तिहरूको रोहवरमा सर्भे इन्स्पेक्टरले ऐनको दफा ६ को उपदफा (४) को अधीनमा रही जग्गा नाप-जाँच गर्नेछ र सम्बन्धित जग्गा सम्बन्धित व्यक्तिको नाममा दर्ता गरिने छ ।

तर आफ्नो जिमिदारी सीमानाको सम्बन्धमा चित्त नबुझ्ने जिमि-दारले सम्बन्धित माल अड्डामा उजूर गर्न सक्ने छ ।

(६) जग्गानाप जाँच हुँदा दुइ वा सो भन्दा बढी व्यक्तिको बीच हक भोग वा तेरो मेरो सम्बन्धी प्रश्न उठेमा वा त्यसरी नापजाँच हुनु भन्दा अगावै उठेकोमा अदालतबाट अन्तिम निर्णय भए बमोजिम त्यस्तो जग्गा सम्बन्धित व्यक्तिको नाममा दर्ता हुनेछ ।

५. स्रेस्ता र जरिवानाः– (१) जग्गा नापी हुने सिलसिलामा जिमिदार पटवारीले ल्याएको सम्बन्धित स्रेस्ता सर्भे इन्स्पेक्टरलाई बुझाउनु पर्छ ।

(२) नापीको बखत आफ्ना प्रमाणसाथ उपस्थित नहुने वा प्रतिनिधि पनि नपठाउने जग्गावाला वा मोहीलाई ऐनको दफा ६ को उप-दफा (४) बमोजिम सर्भे इन्स्पेक्टरले जरिवाना गर्नेछ ।

६. मूल नियमावलीको नियम ७ मा संशोधनः– मूल नियमावलीको नियम ७ को सट्टा देहायको नियम ७ राखिएको छ :–

७ दर्ता पूर्जा पाउनेः– (१) ऐनको दफा ८ को उपदफा (१) बमोजिमको दर्ता पूर्जा सर्भे इन्स्पेक्टरले दिनेछ र त्यस्तो दर्ता पूर्जा अनुसूची २ बमोजिमको ढाँचामा हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उजूर गर्ने सम्बन्धमा ऐनको दफा ८ को उपदफा (१) को प्रयोजनको लागि अधिकारीमा भूमि प्रशासक र निज नभएको ठाउँमा सेटलमेण्ट अफिसरलाई तोकिएको छ ।

(३) कुनै जग्गावाला वा निजको प्रतिनिधिले आफ्नो जग्गाको दर्ता पूर्जा लिन आउँदा निजलाई पूर्जा दिन नसकिएमा सो पूर्जा दिन नसकेको कारण खुलाई सर्भे इन्स्पेक्टरले तुरुन्त निजलाई निस्सा दिनु पर्नेछ ।

(४) ऐनको दफा ८ को उप-दफा (१) बमोजिम पर्न आएको उजूरी छानबीन गरी कुनै भूल भएमा सो सच्याउन लगाई फिल्ड बूक तेरीज दर्ता ठीक गराई दर्ता बमोजिमको पूर्जा भूमि प्रशासकले दिनेछ ।

७. मूल नियमावलीको नियम ८ मा संशोधनः– मूल नियमावलीको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छः–

८ जग्गाको छुटचाइएको किसिम वा क्षेत्रफलको सम्बन्धमा उजूरीः–

(१) ऐन बमोजिम निकालिएको क्षेत्रफल वा ऐनको दफा १० बमोजिम छुटचाइएको किसिममा जग्गावाला वा मोहीको चित्त नबुझेमा निजले त्यसरी क्षेत्रफल वा किसिम कायम गरिएको दर्ता पूर्जा पाएको मितिले ३५ दिनभित्र सेटलमेण्ट अफिसर छेउ उजूर गर्न सक्ने छ ।

(२) उप-नियम (१) बमोजिमको उजूर परेपछि क्षेत्रफल र किसिम सच्याउन पर्ने देखिएमा सेटलमेण्ट अफिसरले सर्भे इन्स्पेक्टरलाई सो बमोजिम सच्याउन लिखित आदेश दिन सक्ने छ र त्यस्तो आदेश प्राप्त भएमा सर्भे इन्स्पेक्टरले सो बमोजिम सच्याउनु पर्छ ।

८. मूल नियमावलीको नियम ९ मा संशोधनः– मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छः–

९ नक्शा र स्रेस्ताको ढाँचाः– ऐनको दफा ११ बमोजिमको नक्शा र स्रेस्ताको ढाँचा श्री ५ को सरकारबाट तोकिए बमोजिमको हुनेछ ।

९. मूल नियमावलीको निमय १० मा संशोधनः– मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छः–

१० अधिकारीहरूः– (१) ऐनको दफा १० बमोजिम जग्गाको किसिम छुटचाउने अधिकार सर्भे इन्स्पेक्टरलाई हुनेछ ।

(२) ऐनको दफा १२ को उप-दफा (१) बमोजिम पहिलो पटक जरिवाना गर्ने अधिकार सर्भे इन्स्पेक्टर र दोस्रो र तेस्रो पटकको जरिवाना वा कैद गर्ने अधिकार सेटलमेण्ट अफिसरलाई हुनेछ ।

(३) ऐनको दफा १२ को उप-दफा (२) बमोजिम जरिवाना गर्ने अधिकार सेटलमेण्ट अफिसरलाई हुनेछ ।

४६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. खारेजी र संशोधनः– मूल नियमावलीको अनुसूची १ खारेज गरी देहाय बमोजिमको अनुसूची १ र २ राखिएको छ ।

## अनुसुचि–१

### नियम ५ (३) संग सम्बन्धीत

(फलाना) ……………………………………… सर्भे टोलीबाट जारी भएको सूचना

जग्गा (नापजाँच) नियमहरू, (संशोधनहरू सहित) २०२३ को नियम ५ (३) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

(फलाना)………………दिन (फलानो) …………… पञ्चायत भित्रको जग्गा नापजाँच हुने भएकोले सो पञ्चायतमा जग्गा हुने जग्गावाला वा निजको प्रतिनिधि मोही संधियारले आफ्नो हक भोगको निस्सा, जिमिदार पटवारीले सो पञ्चायतभित्र पर्ने जग्गाको स्रेस्ता लिई र पञ्चायतको प्रतिनिधिसमेत यस डोर मुकाममा उपस्थित हुनु होला । उपस्थित नभए प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

सर्भे इन्स्पेक्टर

दस्तखत

मितिः–

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूचि–२

(नियम ७ (१) संग सम्बन्धित)

सर्भे फर्म नं. ४।

पाना नं.

जग्गा धनी नम्बरः–

जग्गाधनीको नाम, थरः–

श्री ५ को सरकार,
भूमिसुधार कृषि तथा खाद्य मन्त्रालय

जग्गा धनीको वतनः–

अञ्चलः–

जिल्लाः–

पञ्चायतः–

जम्मा क्षेत्रफल ............ जग्गा धनी दर्ता पूर्जा

| प्रमाण सङ्केत | वार्ड | कित्ता नम्बर | विवरण | जग्गा धनीको हक हिस्सा | मोहीको नाम थर नम्बर र वतन | जग्गाको किसिम र क्षेत्रफल | | | | | | | मालपोत | सहिछाप र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | धनहर वा खेत बिगाहा रोपनी | | | भिट वा पाखो (बिरो) | | | | | |
| | | | | | | अबल | दोयम | सिम | चाहार | अबल | दोयम | सिम | | |
| | | | | | | | | | | | | | | |

५६०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| प्रमाण सङ्केत | वार्ड | कित्ता नम्बर | विवरण | जग्गा धनीको हक हिस्सा | मोहीको नाम थर वतन | जग्गाको किसिम र क्षेत्रफल | | | | | | | मालपोत | सहिछाप र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | धनहर वा खेत (बिगाहा) रोपनी | | | भिट वा पाखो (बिरो) | | | | | |
| | | | | | | अबल | द्वयम | सिम | चाहार | अबल | द्वयम | सिम | | |
| | | | | | अगाडि जम्मा ल्याएको | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | जम्मा अगाडि लगेको | | | | | | | | | | | |

आज्ञाले—
कृष्णबम मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ७५९

श्री ५ को सरकार

# भूमिसुधार कृषि तथा खाद्य मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले तल लेखिएबमोजिमको भूमिसुधार बचत संस्थान गठन सूचना सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

प्रस्तावना:– भूमिसम्बन्धी ऐन, २०२१ अन्तर्गत वडा समितिमा जम्मा हुन आएका सबै प्रकारको रकमको परिचालन सुव्यवस्थित रूपबाट गर्न, गराउन बाञ्छनीय भएकोले संस्थान ऐन, २०२१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको संस्थानको स्थापना र गठन गरेको छ ।

(१) संस्थानको नाम:– यस संस्थानको नाम "भूमिसुधार बचत संस्थान" रहेको छ ।

(२) संस्थानको मूल कार्यालय र ठेगाना:– भूमिसुधार बचत संस्थान ( यसपछि संस्थान भनिएको ) को मूल कार्यालय काठमाडौंमा रहने छ ।

(३) संस्थानको उद्देश्यहरू:–यस संस्थानको उद्देश्यहरू देहायबमोजिम हुनेछन् :–

(क) नेपाली किसानको आर्थिक उन्नती गराउन पूंजीको देशव्यापी सङ्कलन र परिचालन गर्ने,

(ख) कृषि तथा ग्रामीण क्षेत्रलाई छिटै र प्रत्यक्ष लाभ हुने उद्योग तथा व्यवसायको विकास गर्न कर्जा दिने । यस्ता कम्पनीको (शेयर) किन्ने, आवश्यक देखे आफैंले पनि यस्ता कुनै उद्योग तथा व्यवसायको स्थापना गर्ने सिंचाई र कृषि विकास सामग्री तथा कृषि उपजको राम्रो बेचबिखनको लागि संस्थान वा फर्म र व्यक्तिहरूलाई समेत कर्जा दिने,

(ग) भूमिसुधार अन्तर्गत वार्ड समितिबाट गरिने वा गरेको जिन्सी र नगदी बचत र वार्ड समितिले असूल गरेको कृषि कर्जाको जिन्सी र नगदी रकम जिम्मा लिने र समयमा ब्याज सहित फिर्ता दिने ।

(४) संस्थानको सञ्चालक समितिको सदस्यहरूको नाम, ठेगाना र पेशा :–

श्री ५ को सरकारले संस्थानको सञ्चालक समितिमा निम्नलिखित व्यक्तिहरूलाई मनोनीत गरी श्री माननीय भूमिसुधार कृषि तथा खाद्य मन्त्रीज्यूलाई उक्त सञ्चालक समितिमा अध्यक्ष तोकिदिएको छ । अध्यक्षको अनुपस्थितिमा श्री माननीय भूमि सुधार सहायक मन्त्रीज्यूले अध्यक्ष भई कार्य सञ्चालन गर्नु हुने छ ।

(१) श्री माननीय भूमिसुधार कृषि तथा खाद्य मन्त्री – – – अध्यक्ष ।

५८२ (२) श्री माननीय भूमिसुधार सहायक मन्त्री– – – सदस्य ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) श्री भूमिसुधार कृषि तथा खाद्य सचिव – – – सदस्य ।
(४) श्री अर्थ सचिव – – – – – सदस्य ।
(५) श्री आर्थिक योजना सचिव – – – – सदस्य ।
(६) श्री उद्योग वाणिज्य सचिव – – – – सदस्य ।
(७) श्री नेपाल राष्ट्र बैङ्कका प्रतिनिधि– – – – सदस्य ।
(८) श्री भूमिसुधार मुख्य निर्देशक – – – – सदस्य सचिव ।
(९) श्री अर्थ शास्त्री र बैंकिङ्ग विशेषज्ञः–

(क) बैंकिङ्ग विशेषज्ञ, श्री गोविन्दप्रसाद लोहनी – – – सदस्य ।
(ख) अर्थ शास्त्री डा. श्री बद्रि प्रसाद श्रेष्ठ– – – सदस्य ।

आज्ञाले–
कृष्णबम मल्ल
श्री ५ को सरकारको सचिव ।

श्री५ को सरकार

## भूमिसुधार कृषि तथा खाद्य मन्त्रालयको
## सूचना

भूमि प्रशासन ऐन, २०२४ को दफा १ को उप–दफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो सूचना राजपत्रमा प्रकाशित भएको मितिदेखि देहायका जिल्लाहरूमा भूमि प्रशासन ऐन, २०२४ लागू गरेको र सोही ऐनको दफा ३ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी सो ऐन लागू भएका जिल्लाहरूमा श्री ५ को सरकारले भूमि प्रशासन कार्यालयको स्थापना गरेको छ ।

(१) काठमाडौं, (२) ललितपुर, (३) भक्तपुर, (४) बारा, (५) पर्सा, (६) रौतहट, (७) बर्दिया, (८) कैलाली, (९) झापा ।

आज्ञाले–
कृष्णबम मल्ल
श्री ५ को सरकारको सचिव ।

५८३

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५८४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।